

# बालमैत्री स्थानीय शासन जानकारी पुस्तिका

## २०८२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

पुस्तकको नामः बालमैत्री स्थानीय शासन जानकारी पुस्तिका, २०८२
प्रकाशकः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
सर्वाधिकारः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्राविधिक सहयोगः बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च
(सचिवालयः जागृति बाल तथा युवा सरोकार नेपाल)
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल
प्रकाशन प्रतिः १०००
प्रकाशन मितिः २०८२
डिजाईनः इकिगाई टेक्नोलोजी प्रा.लि.

# पुस्तिकाको बारेमा

नेपालमा बालअधिकारको उठान वि.सं. २०४७ सालमा नेपालले बाल अधिकार महासन्धि, १९८९ लाई १९९० सेप्टेम्बर १४ का दिन अनुमोदन गरेको दिनबाट विधिवत रूपमा उठान भएको हो। महासन्धिमा बालबालिकाको सर्वोत्तम हित, गैरविभेदीकरण, दीर्घ जीवन, भावना र विचारको कदरका सिद्धान्तबाट प्रेरित भएर बालबालिकाका बाँच्न पाउने, संरक्षित हुन पाउने, विकास हुन पाउने र सहभागी हुन पाउने गरी चार अधिकारलाई मुख्य क्षेत्रका रूपमा उल्लेख गरी बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने उद्देश्यका साथ यो विषयले व्यापक मान्यता प्राप्त गर्दै अगाडि बढेको छ।

महासन्धि अनुमोदन गरिसकेपछि बालबालिकाको हक र अधिकारको सुनिश्चितताका निम्ति बालबालिका सम्बन्धी ऐन, २०४८; नियमावली २०५१; बालश्रम (निषेध तथा नियमन) सम्बन्धी ऐन, २०५६; स्थानीय स्वायत्त शासन ऐन, २०५५ पछि नै बालमैत्री स्थानीय शासनको अवधारणाले अलिअलि शासकीय व्यवस्थामा प्रवेश पाएको देखिन्छ । जब स्पष्ट रूपमा बालमैत्री स्थानीय शासन रणनीति, २०६८, बालबालिका सम्बन्धी नीति (२०६९), सरकारको १३ औं आवधिक योजना, बालबालिका सम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना (२०६१), नेपाल सरकारको अन्तरिम संविधान (२०६३), हुँदै २०६५/६६ मा बालमैत्री स्थानीय शासन समिति गठन प्रक्रिया सुरुवात भयो र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० निर्माण भएपछि सोही अनुसार २०७० पौष ९ गते नेपालकै पहिलो बालमैत्री तत्कालीन स्थानीय निकाय नवलपरासीको प्रगतिनगर गा.वि.स. घोषणा हुन पुग्यो ।

यसको निरन्तरता स्वरुप देशमा सङ्घीय शासन सुरुवात भएपछि हाल बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली २०७८, राष्ट्रिय बालबालिका नीति, २०८०, बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२, नेपालको संविधान, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा रहेका छन् र यसको फलस्वरुप हाल २९ वटा स्थानीय तह र विभिन्न स्थानीय तहका १५० भन्दा बढी वडाहरू बालमैत्री घोषणा भैसकेका पनि छन् । नेपाल सरकारले २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गरिसक्ने लक्ष्य राखेको छ। सोही अनुरुप सबै बालबालिकाका क्षेत्रमा सम्बद्ध तिनै तहका सरकार, नागरिक संघसङ्गठन, सञ्चार माध्यम, उद्योग व्यवसायी, निजीक्षेत्र, शैक्षिक क्षेत्र लगायत सबैले यस क्षेत्रमा आ-आफ्नो क्षेत्रबाट कार्य अगाडि बढाउन जरुरी रहेको छ। बाल अधिकार सबैको सरोकारको विषय हो ।

बालबालिकामा लगानी प्रवर्द्धन गरी नेपाल सरकारले राखेको लक्ष्य तथा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि यस बालमैत्री स्थानीय शासन सम्बन्धी जानकारी पुस्तिकाले सहज हुने अपेक्षा मन्त्रालयले लिएको छ। यस जानकारी पुस्तिकाले यस अभियानलाई थप प्रवर्धन गर्न सहयोग पुग्दछ भन्ने विश्वास लिएका छौं। यस पुस्तिका तयार गर्ने क्रममा लेखन तथा सम्पादन साथै प्रकाशन गर्न सहयोग गर्नुहुने सबैप्रति मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# विषयसूची


१.१ पृष्ठभूमि
१.२ बाल अधिकार
१.३ बालमैत्री शासनका तत्वहरू
१.४ बाल अधिकारका मूल सिद्धान्तहरू
१.५ बालबालिकाका मुख्य चार अधिकारहरू
१.६ बाल अधिकार कार्यान्वयनका लागि नेपालमा रहेका संरचनाहरू
१.७ बालमैत्री स्थानीय शासनको विकासक्रम
१.८ बालमैत्री स्थानीय शासनको सोच
१.९ बालमैत्री स्थानीय शासनको लक्ष्य
१.१० बालमैत्री स्थानीय शासनको उद्देश्य
१.११ बालमैत्री स्थानीय शासनको आवश्यकता: किन र केको लागि ?
१.१२ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त
१.१३ बालमैत्री स्थानीय शासनका रणनीतिहरू
१.१४ बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था
१.१५ बालमैत्री स्थानीय शासनको अवलम्बनका तरिकाहरू
१.१६ बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण
१.१७ बालमैत्री स्थानीय शासन कार्यान्वयन
१.१८ बालमैत्री स्थानीय तह घोषणा
१.१९ बालमैत्री शासनले समेट्ने पक्षहरू
२.१ बाल अधिकार र बालमैत्री स्थानीय शासनका सूचकसँग सम्बन्धित कानूनहरू
२.२ बालमैत्री स्थानीय शासनका सूचकहरू
२.३ स्थानीय तहको वर्गीकरण
निष्कर्ष

परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा बालमैत्री स्थानीय शासनको अवलम्बन ६० को दशकदेखि सुरु भएको देखिन्छ । बालमैत्री शासन सम्बन्धी नीतिगत व्यवस्था २०६८ सालमा भएको भए तापनि सो अगाडिदेखि नै विभिन्न स्थानीय निकायहरूमा बालमैत्री शासनको अवलम्बनका लागि प्रयासहरू भएका थिए । स्थानीय निकायलाई बालबालिकामैत्री बनाउने, बालमैत्री विद्यालय, बालमैत्री गाउँ जस्ता अभियानहरू सञ्चालन गरिएका थिए ।

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९; नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; बालबालिका सम्बन्धी ऐन, २०७५; बालबालिका सम्बन्धी नियमावली, २०७८; सोह्रौं योजना (२०८१/८२-२०८५/८६), दिगो विकास लक्ष्य (२०१६-२०३०), राष्ट्रिय बालबालिका नीति, २०८०; स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२; मा बालमैत्री तथा अपाङ्गता मैत्री पूर्वाधार, पोषणमैत्री स्वास्थ्य संस्था, घटना दर्ता, बाल अधिकार समिति गठन, बाल कोष, बाल श्रम, बालविवाह, दाइजो प्रथा, छाउपडी अन्त्य सम्बन्धीका व्यवस्था, गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७), बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८; बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९; पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८; विद्यालय दिवा खाजा प्रारुप, २०८१; बहु क्षेत्रीय पोषण योजना तेस्रो, विद्यालय खाजा, बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७; राष्ट्रिय शिक्षा नीति, २०७६;बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०८१ ले बालमैत्री प्रारम्भिक बाल विकास, बालमैत्री शिक्षण सिकाइ, बालमैत्री संरचनाका विषयमा स्पष्ट व्यवस्थाहरू गरेका छन् ।

यी उपर्युक्त कानूनी आधारहरूले बालमैत्री स्थानीय शासनको प्रवर्द्धन र संवर्धन कार्यमा पहल गरी वि.सं. २०८७ सम्म नेपालका सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्यमा पुग्न टेवा पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहका सरकारी संयन्त्र, सरोकारवालाहरू नागरिक संघसङ्गठन, विकास साझेदार सबैको साझा पहल कदमीमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न बालमैत्री स्थानीय शासनको व्यवस्था गरिएसँगै बालमैत्री स्थानीय शासनको अवधारणा सुरुवात भएको हो ।

## १.२ बाल अधिकार

बाल अधिकार सम्बन्धी ऐन, २०७५ र बाल अधिकार महासन्धि, १९८९ अनुसार १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई बालबालिका भनिन्छ भनी परिभाषित गरिएको छ । कुनै पनि बालबालिकालाई आमाको गर्भमा आएदेखि नै भेदभाव रहित ढङ्गबाट, सुरक्षित रूपमा विकास हुन पाउने र सुरक्षित रूपमा आमाको दूध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बाँच्नका लागि हौसला सहित नभई नहुने कुराहरू प्राप्त गर्न पाउनु पर्दछ। यसै गरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, हिंसा, पिटाई, अपहेलना, बेचबिखन, अपहरण, कूलत, विभेद, वेवास्ता, बालविवाह लगायतका कुराहरूबाट संरक्षित भई बाँच्न पाउनु उनीहरूको अधिकार हो । सबै बालबालिकाले एकै प्रकारको वातावरणमा हुर्किन त पाएका हुदैनन् तर परिवार तथा समाजबाट आ-आफ्नो क्षमता र अवस्था अनुसार प्राप्त स्रोत साधनको उपयोग गरेर हुर्काउनु र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरागर्नु नै बाल अधिकार हो ।

## १.३ बालमैत्री शासनका तत्वहरू

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको छ । यी तीन वटै तहबीचको सम्बन्ध सहकार्य, समन्वय (सबैले मिलेर तहगत अधिकार प्रयोग र जिम्मेवारी वहन गर्ने), सहअस्तित्व (व्यक्ति, संस्थाले एक अर्काको स्वायत्ततालाई सम्मान गर्ने र एक अर्काको परिपुरकको रूपमा रहने) र समन्वय (सूचनाको आदान प्रदान र संयुक्त कार्य सम्पादन)को सिद्धान्तमा आधारित रहेको छ भने शासन प्रणाली संघीयतामा आधारित रहेको छ । यसर्थ पनि शासन प्रक्रियामा बाल अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गरी बालमैत्री शासन प्रवर्धनमा तीनै तहको सरकार, सरोकारवाला निकाय, नागरिक संघसङ्गठन, विकास साझेदार, सूचनाका माध्यम, समाज, व्यक्ति लगायतको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### बाल अधिकार प्रद्धतिको आयामहरू

अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धता (महासन्धिहरु, कानुन, नीति, रणनीति, योजना, कार्ययोजना, निर्देशिका)

संयन्त्र (संङ्घीय, प्रदेश तथा स्थानीय)

वित्तिय, मानवीय र भौतिक स्रोत साधन

कार्यान्वयन तथा सेवा प्रवाह (सालबसाली, आवधिक र पटके)

नतिजा -गुणात्मक र संख्यात्मक

**INPUT → OUTPUT → PROCESS**

## १.४ बाल अधिकारका मूल सिद्धान्तहरू

- बिना भेदभाव (धारा २)
- बाँच्न र विकास गर्न पाउने अधिकार (धारा ३)
- सर्वोत्तम हित (धारा ६)
- विचार र भावनाको कदर (धारा १२)

## १.५ बालबालिकाका मुख्य चार अधिकारहरू

- बाँच्न पाउने अधिकार
- विकासको अधिकार
- संरक्षणको अधिकार र
- सहभागिताको अधिकार

आमाको गर्भबाट यस संसारमा जन्मेपछि बालबालिकाको जन्मदर्ता गर्न पाउने पहिलो र नैसर्गिक अधिकार हो । अधिकारका कुरा गरिरहँदा बालबालिका तथा वयस्क सबैले ध्यान दिनु पर्ने पक्ष भनेको अधिकारसँगसँगै हामी अभिभावक जिम्मेवार बन्दै बालबालिकालाई पनि कर्तव्यनिष्ठ नागरिक बनाउन जरुरी छ ।

## १.६ बाल अधिकारको सुनिश्चितताका लागि नेपालमा रहेका संरचनाहरू

### (क) संवैधानिक आयोगहरू

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय दलित आयोग
- राष्ट्रिय समावेशी आयोग
- आदिवासी जनजाति आयोग
- मधेशी आयोग
- थारु आयोग
- मुस्लिम आयोग

### (ख) मन्त्रालय तथा सङ्घीय संरचनाहरू

- अदालतहरू (जिल्ला, उच्च, सर्वोच्च, जिल्लामा बाल इजलास)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- अर्थ मन्त्रालय
- गृह मन्त्रालय
- कानून, न्याय तथा संसदीय मन्त्रालय
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- सूचना तथा संचार मन्त्रालय
- भौतिक पूर्भाधार तथा यातायात मन्त्रालय,
- खानेपानी मन्त्रालय,
- शहरीविकास मन्त्रालय
- राष्ट्रिय योजना आयोग
- राष्ट्रिय बाल अधिकार परिषद्
- बालबालिका खोजतलास सेवा (१०४)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र,
- केन्द्रीय बाल न्याय समिति
- नेपाल बार एसोशियसन
- बालबालिकाका क्षेत्रमा क्रियाशील विभिन्न नागरिक संघ संङ्गठन
- नेपाल पत्राकार महासंघ, आदि

### (ग) प्रदेश तहका संरचना

- मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
- प्रदेश सरकार र सम्बन्धित मन्त्रालय (सामाजिक विकास मन्त्रालय)
- आन्तरिक मामिला तथा कानून मन्त्रालय
- शिक्षा तथा स्वास्थ्य विषय हेर्ने मन्त्रालय
- प्रदेश बाल अधिकार समिति
- प्रदेश नीति तथा योजना आयोग
- प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र, (१०४)

### (घ) जिल्ला तहका संरचना

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला समन्वय समिति
- जिल्ला स्थित विषयगत कार्यालयहरू
- एकद्वार संकट व्यवथापन केन्द्र (OCMC)
- जिल्ला बालन्याय समिति
- जिल्ला अदालत
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति
- बालबालिका खोजतलास समन्वय केन्द्र, (१०४)
- बाल हेल्पलाईन सेवा, १०९८

### (ङ) स्थानीय तहका संरचना

- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका,
- महिला, बालबालिका महाशाखा/शाखा
- स्थानीय न्यायिक समिति
- स्थानीय बाल अधिकार समिति
- बालकल्याण अधिकारी
- बाल कोष
- समाजसेवी र बालमनोविज्ञ
- महिला स्वास्थ्य स्वयम्सेविका
- वैकल्पिक स्याहार प्रदायक परिवार तथा व्यक्ति
- पुर्नस्थापना सेवा केन्द्र
- अस्थाई संरक्षण सेवा केन्द्र
- वैकल्पिक हेरचाह गृह
- बालक्लब तथा सञ्जालहरू
- युवाक्लब तथा सञ्जालहरू
- किशोर/किशोरी सञ्जालहरू
- बालमैत्री स्थानीय शासन समिति (नगर/गाउँ, वडा, समुदाय)
- बालमैत्री स्थानीय शासन सम्पर्क शाखा वा ईकाइ र सम्पर्क व्यक्ति
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ
- स्वास्थ्य सेवा व्यवस्थापन समिति
- विपद् व्यवस्थापन समिति
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ/नगरस्तरीय समिति
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडास्तरीय समिति

**अन्य**

- आमा समूह
- सहकारी समूह
- युवा समूह
- धर्म गुरुहरू (जातीयता तथा धर्म अनुसारका),
- टोल सुधार समिति/विकास
- भजन समूह,
- सामुदायिक वन समूह, आदि ।

## १.७ बालमैत्री स्थानीय शासनको विकासक्रम

वि.सं. २०७८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ (केन्द्रीय तथ्याङ्क कार्यालय, २०७८)। यसमा करिब ३३.८४ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाको संख्या रहेको छ। नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) १६, शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) २५ र बाल मृत्युदर (पाँच वर्ष मुनि) प्रति हजार जीवित जन्ममा २८ रहेको छ तथा आधारभूत तहको खुद भर्ना दर सबै प्रदेशमा ९५ प्रतिशत भन्दा माथि रहेको छ (आर्थिक सर्वेक्षण, २०७६)।

राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संवैधानिक जिम्मेवारी र नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली"को अभियान पूरा गर्न सोह्रौं योजनाले दीर्घकालीन सोचमा उल्लिखित मूल तत्वहरूमा नै समावेश गरी बालमैत्रीका सूचकहरूलाई क्षेत्रगत रूपमा आत्मसात् गर्दै प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक योजना अघि सारेको छ। दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याईएको छ ।



# बालमैत्री स्थानीय शासनको विकासक्रम (मुख्य घटनाहरू)

| क्र.स. | मिति | घटना |
|---|---|---|
| १. | २०४७ भाद्र २९ | बाल अधिकार महासन्धि १९८९ को अनुमोदन |
| २. | ऐन २०४८ र नियमावली २०५१ | बालबालिका सम्बन्धी ऐन, २०४८ र यसको नियमावली २०५१ |
| ३. | २०५५ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| ४. | २०५७/५८-२०६७/६८ | सामाजिक परिचालन र बालमैत्री स्थानीय शासनको अवधारणाको विकास |
| ५. | २०५६ र २०६२ | बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ र यसको नियमावली, २०६२ |
| ६. | २०५७/५८ | महिला र बालबालिकाका लागि विकेन्द्रीकृत कार्यक्रम (डकाउ) |
| ७. | २०६१ | बालबालिका सम्बन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना, २०६१ |
| ८. | २०६३ | नेपालको अन्तरिम संविधान, २०६३ |
| ९. | २०६५/६६ | बालमैत्री स्थानीय शासन समिति गठन |
| १०. | २०६५/६६ | बालबालिका लक्षित बजेट |
| ११. | २०६६ | नमुनाका रूपमा ५ वटा जिल्लामा बालमैत्री अवधारणाको सुरुवात |
| १२. | २०६७ | बालमैत्रीको पहिलो तालीम |
| १३. | २०६७/६८ | योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताको सुरुवात |
| १४. | तेह्रौं योजना | तेह्रौं योजनामा बालमैत्रीको विषय समावेश |
| १५. | २०७१/७२ | स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा बाल भेला संस्थागत भएको |
| १६. | २०६७ | गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ |
| १७. | २०६८ | बालमैत्री स्थानीय शासन राष्ट्रिय राणनीति, २०६८ र यसको कार्यान्वयन कार्यविधि |
| १८. | २०६९ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ |
| २०. | २०६९ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| २१. | २०७० | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० |
| २२. | सन् २०१५ | सहश्राब्दी विकास लक्ष्य सन्, २००० र दिगो विकास लक्ष्य सन्, २०१६-२०३० |
| २३. | २०७० | बालमैत्री गा.वि.स. घोषणा (२०७० पौष ९ मा तत्कालीन नवलपरासी जिल्लाको प्रगतीनगर गा.वि.स.) बालमैत्री घोषणा |
| २४. | २०७२ | नेपालको संविधान |
| २५. | २०७९ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ |
| २६. | २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| २७. | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली, २०७८ |
| २८. | २०७८ | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ |
| २९. | २०८० | राष्ट्रिय बालबालिका नीति, २०८० |
| ३०. | २०८२ | बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ |

## नेपालमा सङ्घीयतापूर्व बालमैत्री स्थानीय शासन घोषणा भएका तत्कालीन स्थानीय निकायहरू

| क्र.सं. | मिति | तत्कालीन स्थानीय निकायहरू |
|---|---|---|
| १. | २०७० पुष ९ | तत्कालीन प्रगतिनगर गाविस, नवलपरासी |
| २. | २०७२ चैत्र ७ | तत्कालीन तेतरिया गाविस, मोरङ |
| ३. | २०७३ बैशाख ३१ | विराटनगर उपमहानगरपालिका, मोरङ |
| ४. | २०७३ भाद्र २३ | तत्कालीन भिङ्ग्रि गाविस, प्युठान |
| ५. | २०७३ पुष १ | तत्कालीन सिद्धेश्वर गाविस, बैतडी |
| ६. | २०७३ माघ १८ | तत्कालीन बरगाउँ गाविस, हुम्ला |
| ७. | २०७३ माघ १९ | तत्कालीन निग्लिहवा गाविस, कपिलवस्तु |
| ८. | २०७३ माघ २७ | तत्कालीन सारङ्डाँडा गाविस, पाँचथर |
| ९. | २०७३ माघ २९ | तत्कालीन टिटिहिरिया गाविस, बाँके |
| १०. | २०७३ फागुन ७ | तत्कालीन पिप्रा पश्चिम गाविस, सप्तरी |
| ११. | २०७३ फागुन २५ | तत्कालीन सौंढियार गाविस, दाङ |
| १२. | २०७३ फागुन २५ | तत्कालीन धर्ना गाविस, दाङ |

## सङ्घीयता लागूभएपछि बालमैत्री घोषणा भएका स्थानीय तहहरू

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | घोषणाको मिति |
|---|---|---|---|---|
| १. | कोशी | झापा | भद्रपुर नगरपालिका | २०७७ पुस ७ |
| २. | कोशी | सुनसरी | रामधुनी नगरपालिका | ०७८ भाद्र २९ |
| ३. | कोशी | इलाम | सुर्योदय नगरपालकिा | ०७९ भाद्र २९ |
| ४. | कोशी | झापा | कमल गाउँपालिका | ०८० माघ २० |
| ५. | कोशी | झापा | कनकाई नगरपालिका | ०८२ वैशाख २५ |
| ६. | मधेश | सप्तरी | कञ्चनरुपा नगरपालिका | २०७६ भाद्र २० |
| ७. | बागमती | रामेछाप | मन्थली नगरपालिका | ०८२ भाद्र ११ |
| ८. | बागमती | रामेछाप | रामेछाप नगरपालिका | ०८२ भाद्र २१ |
| ९. | बागमती | दोलखा | कालिन्चोक गाउँपालिका | २०७६ भाद्र २९ |
| १०. | बागमती | मकवानपुर | मनोहरी गाउँपालिका | २०७६ पुस २८ |
| ११. | बागमती | मकवानपुर | बकैया गाउँपालिका | २०७७ माघ २९ |
| १२. | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | २०७७ फाल्गुन ०५ |
| १३. | बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | २०७८ असार ३० |
| १४. | बागमती | भक्तपुर | चाँगुनारायण नगरपालिका | २०७८ फागनु २८ |
| १५. | बागमती | दोलखा | कालिन्चोक गाउँपालिका | ०७८ चैत्र १२ |
| १६. | बागमती | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ०७८ चैत्र १२ |
| १७. | बागमती | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | ०८१ फागुन ०१ |
| १८. | बागमती | चितवन | रत्ननगर नगरपालिका | २०७८ चैत्र २२ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | घोषणाको मिति |
|---|---|---|---|---|
| १९. | गण्डकी | बाग्लुङ्ग | बाग्लुङ्ग नगरपालिका | ०८१ माघ ०९ |
| २०. | गण्डकी | नवलपरासी (ब.सु.पू.) | देवचुली नगरपालिका | २०७५ भाद्र २९ (देस्रो) |
| २१. | गण्डकी | स्याङ्जा | भीरकोट नगरपालिका | ०७७ फाल्गुन २२ |
| २२. | गण्डकी | बाग्लुङ्ग | गलकोट नगरपालिका | ०८० जेष्ठ १३ |
| २३. | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सुनवल नगरपालिका | २०७५ भाद्र ०३ (पहिलो) |
| २४. | लुम्बिनी | पाल्पा | बगनासकाली गाउँपालिका | २०७७ चैत्र १४ |
| २५. | लुम्बिनी | कपिलवस्तु | वाणगङ्गा नगरपालिका | २०७८ साउन १५ |
| २६. | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नगरपालिका | २०७८ मंसिर २९ |
| २७. | लुम्बिनी | पाल्पा | रम्भा गाउँपालिका | २०७८ पुस १९ |
| २८. | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | रामग्राम नगरपालिका | २०७८ चैत्र १२ |
| २९. | लुम्बिनी | दाङ | घोराही उपमहानगरपालिका | २०७८ चैत्र २३ |

## बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरूको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणाको मिति |
|---|---|---|---|---|---|
| १. | लुम्बिनी | प्युठान | स्वर्गद्वारी नगरपालिका | ०५ | असार ३१, २०७६ |
| २. | लुम्बिनी | नवलपरासी, बर्दाघाट सुस्ता पश्चिम | बर्दाघाट नगरपालिका | ९ | असार २९, २०८० |
| ३. | लुम्बिनी | नवलपरासी, बर्दाघाट सुस्ता पश्चिम | बर्दाघाट नगरपालिका | ८ | जेष्ठ ११, २०८२ |
| ४. | लुम्बिनी | बर्दिया | बाँसगढी नगरपालिका | ६ | फाल्गुन ६, २०७८ |
| ५. | लुम्बिनी | बाँके | नेपालगन्ज उपमहानगरपालिका | १२ | चैत्र २५, २०७८ |
| ६. | लुम्बिनी | नवलपरासी, बर्दाघाट सुस्ता पश्चिम | बर्दाघाट नगरपालिका | ५ | कात्तिक २६, २०८१ |
| ७. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | ०९ | कार्तिक ०८, २०७६ |
| ८. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | १० | कार्तिक ०८, २०७६ |
| ९. | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | १ | कार्तिक २८, २०७६ |
| १०. | लुम्बिनी | रुपन्देही | शुद्धोधान गाउँपालिका | ०२ | असोज १६, २०७५ |
| ११. | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | ०९ | असोज ०३, २०७५ |
| १२. | मधेश | पर्सा | पर्सागढी नगरपालिका | ०२ | भाद्र २९, २०७५ |
| १३. | मधेस | सप्तरी | सुरुंगा नगरपालिका | ३ | भाद्र २९, २०८० |
| १४. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | १० | जेठ २१, २०८२ |
| १५. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | ०१ | फागुन ०७, २०७५ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणाको मिति |
|---|---|---|---|---|---|
| १६. | मधेश | पर्सा | वीरगञ्ज महानगरपालिका | ३१ | फागुन, २०७४ |
| १७. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | ०८ | चैत्र ११, २०८१ |
| १८. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | ११ | चैत्र १४, २०८१ |
| १९. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | ०७ | चैत्र १९, २०८१ |
| २०. | मधेश | सप्तरी | सुरुंगा नगरपालिका | ०५ | चैत्र २६, २०८१ |
| २१. | बागमती | सिन्धुली | फिक्कल गाँउपालिका | ३ | बैशाख १५, २०८२ |
| २२. | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | १ | असार १५, २०८१ |
| २३. | बागमती | चितवन | भरतपुर महानगरपालिका | १३ | असार ०१, २०८० |
| २४. | बागमती | चितवन | भरतपुर महानगरपालिका | १४ | असार २५, २०७६ |
| २५. | बागमती | चितवन | भरतपुर महानगरपालिका | २३ | असार २०, २०८० |
| २६. | बागमती | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ०५ | असार २०,२०८२ |
| २७. | बागमती | चितवन | भरतपुर महानगरपालिका | ०२१ | असार २२, २०८० |
| २८. | बागमती | काठमाडौँ | कीर्तिपुर नगरपालिका | ७ | भाद्र ७, २०८० |
| २९. | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | १३ | भाद्र २९, २०७९ |
| ३०. | बागमती | सिन्धुली | कमलामाई नगरपालिका | ६ | भाद्र २९, २०८१ |
| ३१. | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | ७ | भाद्र २९, २०८१ |
| ३२. | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | ११ | जेठ ३१, २०८१ |
| ३३. | बागमती | सिन्धुली | फिक्कल गाँउपालिका | ५ | जेठ ३०, २०८१ |
| ३४. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०४ | जेठ २९, २०७५ |
| ३५. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०५ | जेठ २९, २०७५ |
| ३६. | बागमती | चितवन | भरतपुर महानगरपालिका | १५ | जेष्ठ १२, २०८२ |
| ३७. | बागमती | चितवन | भरतपुर महानगरपालिका | ०२४ | जेष्ठ ०२, २०८२ |
| ३८. | बागमती | चितवन | भरतपुर महानगरपालिका | १७ | जेष्ठ २३, २०८२ |
| ३९. | बागमती | चितवन | भरतपुर महानगरपालिका | ६ | पुस ५, २०८१ |
| ४०. | बागमती | सिन्धुली | तिनपाटन गाउँपालिका | १० | चैत्र २०, २०७८, |
| ४१. | बागमती | धादिङ | गल्छी गाँउपालिका | १ | चैत्र २०, २०८१ |
| ४२. | बागमती | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका | १ | चैत्र ३१, २०८१ |
| ४३. | बागमती | ललितपुर | गोदावारी नगरपालिका | १ | बैशाख ०४, २०८२ |
| ४४. | बागमती | ललितपुर | गोदावारी नगरपालिका | ५ | भाद्र ५, २०८२ |
| ४५. | बागमती | काठमाडौँ | नागर्जुन नगरपालिका | ९ | भाद्र ६, २०८२ |
| ४६. | गण्डकी | पर्वत | पैंयुटार गाउँपालिका | ०७ | असार ०९, २०७६ |
| ४७. | गण्डकी | लमजुङ | सुन्दरबजार नगरपालिका | ०८ | असार २३, २०८२ |
| ४८. | गण्डकी | लम्जुङ | सुन्दरबजार नगरपालिका | ०२ | असार २०, २०८२ |
| ४९. | गण्डकी | पर्वत | मोदी गाउँपालिका | ०८ | माघ १५, २०७४ |
| ५०. | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | १ | भाद्र ३०, २०७८ |
| ५१. | गण्डकी | लमजुङ | क्व्होलोसोथार गाउँपालिका | ०१ | भाद्र २९, २०७६ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणाको मिति |
|---|---|---|---|---|---|
| ५२ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ११ | भाद्र २९, २०८१ |
| ५३ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | १ | भाद्र २९, २०८१ |
| ५४ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | ०३ | भाद्र २९, २०८० |
| ५५ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | १० | भाद्र २९, २०८० |
| ५६ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | २ | भाद्र २६, २०८० |
| ५७ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ४ | जेठ २५, २०८१ |
| ५८ | गण्डकी | गोरखा | अजिरकोट गाउँपालिका | ०३ | जेष्ठ २०, २०८१ |
| ५९ | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | ६ | पुस १८, २०७८ |
| ६० | गण्डकी | नवलपरासी | गैंडाकोट नगरपालिका | ११ | पौष ११, २०७६ |
| ६१ | गण्डकी | नवलपरासी बर्दाघाट सुस्ता | गैंडाकोट नगरपालिका | ०१ | चैत्र ९, २०७९ |
| ६२ | सुदूरपश्चिम | कैलाली | गौरीगंगा नगरपालिका | १० | असार ०४, २०८२ |
| ६३ | सुदूरपश्चिम | डोटी | पूर्वीचौकी गा. पा. | ०१ | माघ ०९, २०८१ |
| ६४ | सुदूरपश्चिम | अछाम | मेल्लेख  गा.पा | ७ | भाद्र २९, २०८१ |
| ६५ | सुदूरपश्चिम | अछाम | चौरपाटि गाउँपालिका | ०६ | पौष २९,२०७५ |
| ६६ | सुदूरपश्चिम | अछाप | मेल्लेख  गा.पा | ३ | चैत्र १२, २०७८ |
| ६७ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ४ | ३ असोज २०८० |
| ६८ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ८ | असार १४, २०८१ |
| ६९ | कोशी | भोजपुर | अरुण गाउपालिका | ३ | असार १५, २०८१ |
| ७० | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | ०२ | असार १०, २०८१ |
| ७१ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | ०३ | असार १०, २०८१ |
| ७२ | कोशी | भोजपुर | अरुण गाउँपालिका | ४ | असार १६, २०८१ |
| ७३ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १४ | असार ३०, २०७५ |
| ७४ | कोशी | मोरङ | उर्लावारी नगरपालिका | ०१ | असार ३०, २०८१ |
| ७५ | कोशी | मोरङ | उर्लावारी नगरपालिका | ०६ | असार ३०, २०८१ |
| ७६ | कोशी | ईलाम | ईलाम नगरपालिका | ४ | असार ३०, २०८१ |
| ७७ | कोशी | उदयपुर | उदयपुरगढी नगरपालिका | १ | असार ५, २०८० |
| ७८ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १८ | असार २२, २०७६ |
| ७९ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १३ | असार २६, २०७५ |
| ८० | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | १५ | असोज १७, २०७५ |
| ८१ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ६ | भाद्र ५, २०८१ |
| ८२ | कोशी | ईलाम | चुलाचुली गाँउपालिका | ३ | भाद्र ५, २०८१ |
| ८३ | कोशी | ईलाम | चुलाचुली गाँउपालिका | ५ | भाद्र ५, २०८१ |
| ८४ | कोशी | ईलाम | ईलाम नगरपालिका | ४ | असार २६, २०८२ |
| ८५ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | २० | भाद्र २९, २०७५ |
| ८६ | कोशी | ईलाम | सन्दुकपुर गाँउपालिका | ३ | भाद्र २९, २०८१ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणाको मिति |
|---|---|---|---|---|---|
| ८७ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १२ | जेठ १०, २०७६ |
| ८८ | कोशी | उदयपुर | ताप्ली गाउँपालिका | ५ | जेठ २५, २०८१ |
| ८९ | कोशी | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपाकि | ७ | जेठ २९, २०८२ |
| ९० | कोशी | उदयपुर | ताप्ली गाउँपालिका | १ | जेठ २०, २०८२ |
| ९१ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १० | वैशाख १, २०८१ |
| ९२ | कोशी | मोरङ | ग्रामथान गाउँपालिका | १ | पौष २७, २०७६ |
| ९३ | कोशी | झापा | हल्दीबारी गाउँपालिका | ४ | असार ४, २०८२ |
| ९४ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ०२ | चैत्र १८, २०७८ |
| ९५ | कर्णाली | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | ८ | असार २१, २०८२ |
| ९६ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ९ | मंसिर ४, २०८० |
| ९७ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | १० | मंसिर ४, २०८० |
| ९८ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ११ | मंसिर ४, २०८० |
| ९९ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०२ | मङसिर १८, २०७४ |
| १०० | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०४ | मङसिर १८, २०७५ |
| १०१ | कर्णाली | जुम्ला | पातारासी गाँउपालिका | ५ | भाद्र १४, २०८१ |
| १०२ | कर्णाली | जाजरकोट | भेरी नगरपालिका | ८ | भाद्र १९, २०८१ |
| १०३ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ४ | जेठ १२, २०८० |
| १०४ | कर्णाली | जुम्ला | तिला गाउपालिका | ६ | जेठ ३२, २०८१ |
| १०५ | कर्णाली | जाजरकोट | कुशे गाउँपालिका | ५ | जेठ २९, २०८० |
| १०६ | कर्णाली | दैलेख | गुँरास नगरपालिका | ०६ | पौष १२, २०७५ |
| १०७ | कर्णाली | दैलेख | आठ बिसा नगरपालिका | ०४ | पौष ०८, २०७४ |
| १०८ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ११ | फाल्गुन २९, २०७८ |
| १०९ | कर्णाली | हुम्ला | सुर्केघाट गाउँपालिका | १ | फागुन, २०७४ |
| ११० | कर्णाली | हुम्ला | सिमीकोट गाउँपालिका | ०४ | चैत्र १८, २०७३ |
| १११ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०१ | कार्तिक १८, २०७५ |
| ११२ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०३ | कार्तिक १८, २०७५ |

## १.८ बालमैत्री स्थानीय शासनको सोच

सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बाल अधिकारको सुनिश्चितता गर्ने,

## १.९ बालमैत्री स्थानीय शासनका लक्ष्य

वि.सं. २०८७ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने ।

## १.१० बालमैत्री स्थानीय शासनको उद्देश्य

(१) स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवालहरूलाई प्राथमिकता दिनु,
(२) बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,
(३) स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जूमा गर्दा बालबालिकाको सहभागिता गराउनु,
(४) स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु,
(५) बालबालिकाको हित विरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु ।

## १.११ बाालमैत्री स्थानीय शासनको आवश्यकता: किन र केको लागि ?

स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल अधिकर सुनिश्चित भएको स्थानीय तह निर्माणमा सहयोग पुऱ्याउन बालमैत्री स्थानीय शासनको आवश्यकता पर्दछ । शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिकाका सवालहरूलाई सम्बोधन हुने गरी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूबीच एकरूपता ल्याउन र सामञ्जस्यता कायम गर्न बालमैत्री स्थानीय शासन आवश्यक रहेको हुँदा यसको आवश्यकतालाई निम्नानुसार प्रस्ट्याउन सकिन्छ :

(१) स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रममा बालबालिकाका आवश्यकता र सवाललाई प्राथमिकता दिन,
(२) संघ, प्रदेश र स्थानीय तहका बालबालिका सम्बन्धी नीति र कार्यक्रमबीच सामञ्जस्यता कायम गर्न ।
(३) स्थानीय तहमा निर्माण हुने पूर्वाधार संरचनालाई बालबालिकाको सुविधा अनुकूल बनाउन,
(४) विपद् तथा अन्य जोखिययुक्त समयमा सञ्चालन हुने क्रियाकलापमा बालबालिकालाई प्राथमिकतामा राख्न,
(५) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकासमा सहयोग पुऱ्याउन,
(६) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय र सहकार्य गर्दै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा आर्थिक तथा प्राविधिक सहयोग जुटाउन,
(७) नेपालको संविधान तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम बालबालिकाको आवश्यकता अनुसारको सेवाको सुनिश्चितता गर्न ।
(८) बालबालिकामा लगानी बढाइ समृद्ध राष्ट्र निर्माणको मार्ग प्रसस्त गर्न ।

## १.१२ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

**(क) बालबालिकाको सर्वोत्तम हित**

शासन सञ्चालनका हरेक पक्षमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिने छ । सरकारी तथा गैरसकारी क्षेत्रबाट हुने सेवा प्रवाह, विकास क्रियाकलाप तथा समाज र घरपरिवारले गर्ने व्यवहारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

**(ख) बालबालिकाको सर्वाङ्गीण विकास**

बालबालिकाको बाँच्न पाउने अधिकार र उनीहरूको सर्वाङ्गीण विकासको सुनिश्चितता गर्न हरेक बालबालिका जन्मेपछि नामाकरण र जन्म दर्ताको अधिकार, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार,

स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

**(ग) बालबालिकाको सहभागिता र विचारको सम्मान**

स्थानीय तहका बालबालिकासँग सम्बन्धित निकायहरूमा बालबालिकाको परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ ।

**(घ) सन्निकटताको सिद्धान्त**

बालबालिकाको सर्वाङ्गीण विकासको लागि आवश्यक पर्ने आवश्यक सेवा तथा सुविधाहरू बालबालिकाको नजिकमा रहेको सरकारी तथा गैरसरकारी क्षेत्रबाट सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

**(ङ) गैरविभेदीकरण**

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर समूह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

**(च) समावेशीकरणको सिद्धान्त**

सबै वर्ग, क्षेत्र, लिङ्ग, र क्षमताका बालबालिकालाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरूमा समान रूपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ । स्थानीय शासन र विकाससम्बन्धी गतिविधिमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

**(छ) समुदायमा आधारित विकासको सिद्धान्त**

समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा बालमैत्री स्थानीय शासन प्रक्रियाको सञ्चालन हुने र यस कार्यान्वयन निर्देशिकामा आधारित भई आवश्यक अन्य व्यवस्था स्थानीय तहले आफै मिलाउने व्यवस्था गरिनेछ ।

## १.१३ बालमैत्री स्थानीय शासनका रणनीतिहरू

- मूलप्रवाहीकरण
- नीतिगत वकालत, पैरवी र सचेतना
- संस्थागत विकास
- क्षमता विकास
- सहकार्य र साझेदारी प्रवर्धन
- समुदाय परिचालन
- सामाजिक जवाफदेहिता र पारदर्शिता
- समतामूलक कार्यक्रम
- सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन
- अनुगमन तथा मूल्याङ्कन



| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १. | मूलप्रवाहीकरण | ३ वटा कार्यनीति |
| २. | नीतिगत वकालत पैरवी र संचेतना | ७ वटा कार्यनीति |
| ३. | संस्थागत विकास | ९ वटा कार्यनीति |
| ४. | क्षमता विकास | ६ वटा कार्यनीति |
| ५. | सहकार्य र साझेदारी प्रवर्द्धन | ३ वटा कार्यनीति |
| ६. | समुदाय परिचालन | ४ वटा कार्यनीति |
| ७. | सामाजिक जवाफदेहीता र पारदर्शिता | ५ वटा कार्यनीति |
| ८. | समतामूलक कार्यक्रम | २ वटा कार्यनीति |
| ९. | सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन | २ वटा कार्यनीति |
| १०. | अनुगमन तथा मूल्याङ्कन | ४ वटा कार्यनीति |

## १.१४ बालमैत्री स्थानीय शासनसम्बन्धी संस्थागत व्यवस्था

### (क) बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति:

| | |
|---|---|
| अध्यक्ष/प्रमुख | -अध्यक्ष |
| उपाध्यक्ष/उप प्रमुख | -उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| वडा अध्यक्ष (सबै) | -सदस्य |
| गाउँ/नगर कार्यपालिका (सबै) | -सदस्य |
| महाशाखा/शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय) | -सदस्य |
| महिला/बालबालिकाको क्षेत्रमा कामगर्ने स्थानीय गैर सरकारी संस्थाबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना | -सदस्य |
| स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) | -सदस्य |
| गाउँ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) | -सदस्य |
| गाउँ/नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) | -सदस्य |
| महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय समुदायिक संस्था वा समूह मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) | -सदस्य |
| गाउँ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख (१ जना) | -सदस्य |
| सामाजिक शाखा/महाशाखा प्रमुख | -सदस्य-सचिव |

**(ख) बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समितिः**

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरणका उद्देश्य सहित कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको व्यवस्था गरेको छ । स्थानीय तहको वार्षिक योजनामा समावेश तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहन्छ । समितिमा देहायका सदस्य रहने व्यवस्था कार्यविधिले गरेको छ :

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत, | -संयोजक |
| सामाजिक विकास शाखा प्रमुख, | -सदस्य |
| स्वास्थ्य शाखा प्रमुख, | -सदस्य |
| शिक्षा शाखा प्रमुख, | -सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख, | -सदस्य |
| कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, | -सदस्य |
| खानेपानी, सरसफाइ एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, | -सदस्य |
| साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, | -सदस्य |
| स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि | -सदस्य |
| स्थानीय बाल कल्याण अधिकारी, | -सदस्य |
| बालक्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) | -सदस्य |
| बालक्लब सञ्जालको संयोजक, | -सदस्य |
| स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना, | -सदस्य |
| महिला, बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख, | -सदस्य-सचिव |

**(ग) स्थानीय तहमा वार्षिक रूपमा समितिले सञ्चालन गर्नसक्ने कार्यक्रमहरू :**

- वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- साझेदार संस्थाबाट हुने लगानीलाई सूचक प्राप्तिको लागि एकीकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- बालमैत्री स्थानीय शासनको लागि स्रोत तथा लगानीको क्षेत्र खोजी गरी स्थानीय तहमा सिफारिस गर्ने,
- कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,
- सूचक प्राप्तिको अवस्था विश्लेषण गर्ने तथा प्राप्तिको लागि मार्गदर्शन गर्ने,
- कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई अनुगमन गर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बनदेखि घोषणासम्मको अवधिको प्रगति समीक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

**(घ) बालमैत्री स्थानीय शासन वडा समिति :**

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछः

| | |
|---|---|
| वडा अध्यक्ष | -अध्यक्ष |
| वडा समिति सदस्य (सबै) | -सदस्य |
| स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) | -सदस्य |
| महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) | -सदस्य |

वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट
वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) -सदस्य
वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका -सदस्य
वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य
वडा सचिव -सदस्य-सचिव

### (ङ) बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति

(१) वडा समितिले तोकेको वडा सदस्य -अध्यक्ष
(२) गाउँ/नगरपालिका वडा समितिमा सूचीकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू -सदस्य
(३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू -सदस्य
(४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू -सदस्य

## १.१५ बालमैत्री स्थानीय शासनको अवलम्बनका तरिकाहरू

बालमैत्री वातावरण निर्माण गरी बालमैत्री स्थानीय शासन प्रत्याभूत गराउने पहिलो जिम्मेवारी सम्बन्धित वडा र स्थानीय सरकारको हुन्छ । कुनैपनि कुराको अवलम्बन गर्ने पहिलो आधार ईच्छाशक्ति र प्रतिबद्धता नै हो । यद्यपी बालमैत्री स्थानीय शासनको अवलम्बन गर्न सर्बप्रथम स्थानीय स्तरमा रहेर कार्यगर्ने साझेदार संघ-संस्थाहरू बाल क्लबका पूर्व सदस्यहरू अभियान्ता, शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, राजनीतिक दल, महिला समूह, उद्योग, व्यापारीलाई बालमैत्री स्थानीय शासनका विषयमा बुझाउनु जरुरी छ किनभने बालमैत्री घोषणा र निरन्तरता सिमित क्षेत्रबाट मात्र सम्भव छैन ।

सरोकारवालाको अभिमूखीकरण गरी सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाउनु पर्दछ । ताकि कामगर्ने सिलसिलामा कुनै बाधा वा कठिनाई उत्पन्न नहोस् । प्रतिबद्धतासँगसँगै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने ठोस कार्ययोजना तर्जुमा गर्नुपर्दछ । बालमैत्री स्थानीय शासनको प्रत्याभूत गराउने पहिलो दायित्व स्थानीय सरकारको हुने भएकाले आफ्नो पूँजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचक सहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रिया र सूचक प्राप्तिको सुनिश्चित गर्नेगरी आवश्यक रकम विनियोजन सहितको लगानी योजना तर्जुमा गर्नुपर्दछ । जसले गर्दा काम गर्दै जाँदा स्रोत-साधनको अभावमा काम नरोकियोस् र स्रोतको सदुपयोग गर्न सकियोस् । बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति मार्फत बालमैत्री शासनका न्यूनतमसेवा सूचकहरूको निर्धारण र स्थानीयकरण गर्नुपर्छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरू निर्धारण गरिएको छ । बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, विकास र विस्तारका लागि पालिकामा बालमैत्री इकाई/शाखा बनाउने वा सम्पर्क बिन्दु तोक्ने कार्य गर्नु पर्दछ । महत्त्वपूर्ण निर्णय पारित गर्ने स्थान भनेको गाउँ/नगर सभा नै हो तसर्थ बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने निर्णय सभाबाट पारित भएसँगै बालमैत्री स्थानीय शासनको अवलम्बन हुन्छ ।

## १.१६ बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त स्रोत साधन हुँदैमा मात्र हुने विषय होईन यसका लागि निरन्तर र नियमित रूपमा काम गर्नुपर्ने हुन्छ । बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि ५ चरण पूरा गर्नुपर्ने हुन्छ ।



### क) पूर्वतयारी चरण

- कार्यपालिकाबाट आफ्नो गाउँ/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमूखीकरण,
- कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारण र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँ/नगरपालिकाको बस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन गर्ने,
- बालमैत्री स्थानीय शासनको सूचकको स्थानीयकरण गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक नीति/रणनीति/कार्यविधि र आचारसंहिता तर्जुमा गर्ने ।

### ख) तयारी चरणः

- गाउँ/नगरपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रबन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने, जिम्मेवारी प्रदान गर्ने) गर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडा छनौट,
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार पार्ने,
- बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडामा आवश्यकता अनुसार बालक्लब, बालक्लब सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाको स्थापना र परिचालन गर्ने ।

### ग) नीति योजना तर्जुमा र कार्यान्वयनको चरण

- लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्तगर्न क्षेत्रगत क्रियाकलापहरू गर्ने,
- छनौट भएका क्षेत्रगत क्रियाकलापहरूका लागि आवश्यक बजेटको विनियोजन गर्ने,
- साझेदार र सरोकारवालाको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने,
- स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- बालमैत्री स्थानीय शासनको सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

### घ) अनुगमन मूल्याङ्कन र प्रतिवेदनको चरण

- वडा समिति गाउँ/नगर समितिबाट सूचक प्राप्ति भएको अवस्थामा सरोकारवाला समेतको सहभागितामा अनुगमन समीक्षा गरी प्रतिवेदन तयारी गर्ने,
- बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने,
- बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने,
- वडा/स्थानीय तहबाट सूचक पूरा भएको प्रमाणित गर्ने,
- बालमैत्री वडा/तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्राप्त गर्ने ।

### ङ) बालमैत्री वडा, गाउँ/नगरपालिका घोषणा र दिगोपनाको चरण

- बालमैत्री वडा, गाउँ/नगरपालिक घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने,
- बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँ/नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ/नगर सभाको निर्णय,
- बालमैत्री वडा, गाउँ/नगरपालिकाको घोषणा,
- बालमैत्री वडा, गाउँ/नगरपालिका घोषणा पश्चात्को रणनीतिक योजना कार्यान्वयन,
- वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन,
- बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता ।

यी चरणहरू केवल चरण पूरागर्न र घोषणा हुनका लागि मात्र नभई दिगो हुने गरी नीति, नियम, कार्यविधि, बजेट, कार्यक्रम र कार्यान्वयनको सुनिश्चितता स्थानीय तहले गर्नुपर्दछ । प्रत्येक वर्ष त्यसको पुर्नताजगी गर्ने, समीक्षा गर्ने, सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने पक्षहरूलाई सुधार गर्दै बालमैत्री स्थानीय शासन अभियानलाई दिगो बनाइराख्ने दायित्व स्थानीय सरकारको नेतृत्वमा अन्य सरोकारवालाहरूको समेत सहभागितामा हुनुपर्दछ ।

## १.१७ बालमैत्री स्थानीय शासन कार्यान्वयन (वर्गीकरण, कार्ययोजना र जिम्मेवार निकाय)

- स्थानीय तहले बालमैत्री स्थानीय शासनका कार्यक्रम कार्यान्वयन गर्दा सामूहिक निर्णय तथा पूर्व तयारी गरी स्थानीय अवस्था विश्लेषण र उपलब्धिको सूचक वा मापदण्ड निर्धारण गर्ने तथा स्रोत व्यवस्थापन र कार्यान्वयनको कार्ययोजना तयारी, नियमित अनुगमन, गुणस्तर र प्रभावकारिताको सुनिश्चत गरी स्पष्ट काम कर्तव्य र जिम्मेवारी सहित बालमैत्री सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था गरी कार्यान्वयनको थालनी गर्नुपर्दछ । सामान्यतया कार्यक्रम कार्यान्वयन प्रक्रिया निम्न अनुसार गर्न सकिन्छ ।
- स्थानीय तहले वार्षिक स्वीकृत कार्यक्रम तथा गैर सरकारी संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रम कार्यान्वयन गर्ने र सोको दस्तावेजीकरण गर्ने गर्नुपर्दछ ।
- कार्यक्रम कार्यान्वयन गर्दा बालक्लब वा बालक्लब सञ्जालसँग प्रत्यक्ष सरोकार राख्ने योजनाहरू यथासम्भव बालक्बल वा समूह तथा अभिभावक समूह मार्फत नै सम्पन्न गराउने गर्नुपर्छ तर बालबालिका वा बालक्लबलाई सिंगो परियोजना नै सञ्चालन गर्न वा आर्थिक गतिविधिको जिम्मेवारी भने दिनुहुँदैन ।
- प्राविधिक दृष्टिकोणले बाल समूहले सम्पन्न गर्न नसक्ने र असम्बन्धित योजना तथा कार्यक्रमहरू स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति र स्थानीय गैर सरकारी संस्थामार्फत सञ्चालन गर्नुपर्छ ।
- कार्यक्रम सञ्चालन गर्दा लागत साझेदारी र सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिनुपर्छ ।
- कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको विषयगत शाखा र गैरसरकारी संस्थाको समेत प्राविधिक सहयोग उपयोग गर्नुपर्छ ।
- नयाँ बन्ने सार्वजनिक भौतिक संरचनाहरू प्रकोप प्रतिरोधी, सुरक्षित र बालमैत्री भएको सुनिश्चित गर्नुपर्छ ।
- बालमैत्री सम्बन्धी कार्यक्रम स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन प्रक्रिया, लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा समेत बालमैत्री स्थानीय शासनका सूचकहरूलाई अन्तर सम्बन्धित गरी कार्यान्वयन गर्नुपर्दछ ।



बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि पोषणमैत्री स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह, हिंसा र बालविवाह मुक्त स्थानीय तह, खुल्ला दिशामुक्त स्थानीय तह, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री, विपद्मैत्री, युवामैत्री स्थानीय तह लगायतका अभियानहरू बालमैत्री अभियानको महत्त्वपूर्ण पक्ष भएकाले अन्तरसम्बन्ध कायम गरी बालमैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्नुपर्छ ।

## १.१८ बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो नगर/गाउँपालिका र वडालाई बालमैत्री स्थानीय वडाका रूपमा घोषणा गर्न कार्यपालिकाले निर्णय गर्नुपर्ने व्यवस्था छ तर यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत अङ्क हासिल गरेको हुनुपर्नेछ । त्यस्तै गरी सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बालविवाह, बाल यौन शोषण न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ ।

यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक हानिकारक अभ्यासहरूको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक पूरा भए नभएको सम्बन्धमा प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा सर्म्पक प्रदेश सर्म्पक मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ ।

## १.१९ बालमैत्री शासनले समेट्ने पक्षहरू

- सबै प्रकारका बालबालिकाको सबै अधिकार सुनिश्चितताका लागि कानूनी, नीतिगत, संस्थागत तथा संरचनागत व्यवस्था सहित बाल अधिकार प्रणाली स्थापना तथा सवलीकरण
- बालबालिकाको जीवनमा प्रभाव पार्ने क्षेत्रमा हुने निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता
- बालबालिकाले चाहे जस्तो सेवा, व्यवहार तथा शासनको अनुभूति
- परिवार, विद्यालय, समुदाय तथा सामाजिक जीवनमा अर्थपूर्ण सहभागिता
- बालबालिकाको आधारभूत आवश्यकतामा पहुँच सुनिश्चित
- सफा तथा सुरक्षित पिउने पानी तथा सुरक्षित र संरक्षिता संरचना
- सुरक्षित तथा संरक्षित बालापन
- बालबालिका विरुद्ध हुने सबै खाले हिंसा तथा दुर्व्यवहारबाट संरक्षणका लागि संरचना निर्माण तथा सवलीकरण
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका, बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित, बालअधिकार उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको अधिकार सुनिश्चितताका लागि संरचना तथा सेवाको व्यवस्था
- बालबालिकाको अधिकारका साथै कर्तव्यप्रति पनि सजग
- बालबालिका रहने बस्ने हरेक स्थानमा संरक्षण तथा सुरक्षाको व्यवस्था ।



# परिच्छेद दुई

## २.१ बाल अधिकार र बालमैत्री स्थानीय शासनका सूचकसँग सम्बन्धित कानूनहरू

### बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्न गैरविभेदीकरण (धारा २ ), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र विचारको सम्मान (धारा १२) को सिद्धान्तलाई अवलम्बन गरेको छ। चौवन्न वटा धारा रहेको यस महासन्धिमा धारा १ देखि ४० विभिन्न किसिमका बालअधिकारको व्यवस्था गरिएको छ। धारा ४२ मा राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यवस्था मध्ये उत्कृष्टलाई कार्यान्वयन गर्न पाउने स्वतन्त्रता दिइएको छ। धारा ४२ मा बालअधिकारको विषयमा राज्यले बालबालिका र अभिभावकलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। धारा ४३ देखि ५४ सम्म बालअधिकारको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनको व्यवस्था गरिएको छ।

### नेपालको संविधानः

नेपालको संविधानले बालबालिकासँग सम्बन्धित अधिकारहरूलाई सुनिश्चित गर्दै विशेष व्यवस्था गरेको छ, जसमा समानताको हक (धारा २२) अनुसार सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई कानूनी संरक्षणबाट वञ्चित गर्न नपाइने भए पनि बालबालिकाको संरक्षण, सशक्तीकरण तथा विकासका लागि विशेष कानुनी व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ। बालबालिकाको हक (धारा ३९) अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण विकासको हक, प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक सुनिश्चित गरिएको छ। कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन, बालविवाह, अपहरण, बन्धक, दुर्व्यवहार, शोषण वा शारीरिक तथा मानसिक यातना दिन पाइने छैन। बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न, सांस्कृतिक वा धार्मिक नाममा दुर्व्यवहार गर्न कानूनी रोक लगाइएको छ। उनीहरूलाई बालअनुकूल न्याय प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ भने असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित वा जोखिममा रहेका बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुविधा प्राप्त गर्ने व्यवस्था छ। साथै, दुर्व्यवहार तथा शोषणजन्य कार्यहरू कानून बमोजिम दण्डनीय हुने र पीडित बालबालिकाले पीडकबाट क्षतिपूर्ति पाउने हक पाउने प्रावधान छ। सामाजिक सुरक्षाको हक (धारा ४३) अनुसार बालबालिकालाई कानूनअनुसार सामाजिक सुरक्षाको हक हुनेछ भन्ने स्पष्ट व्यवस्था गरिएको छ।

### राष्ट्रिय बालबालिका नीति, २०८०

राष्ट्रिय बालबालिका नीति, २०८०को दीर्घकालीन सोच नै बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण गर्ने रहेको छ भने लक्ष्यमा प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने रहेको छ। नीतिहरूमा सबै बालबालिकाको लागि पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण गर्ने रहेको छ। यसैगरी रणनीतिहरू ११.५ धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने, ११.६ मा बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न सङ्घ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने, ११.७ मा बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, ११.८ बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाई हुने व्यवस्था गर्ने, ११.९ मा बालबालिकाको सर्वोत्तम हित कायम गरी सर्वाङ्गीण विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने रहेको छ।

## दिगो विकास लक्ष्य २०७२-२०८७

दिगो विकासका कूल १७ वटा लक्ष्यहरूमध्ये १० वटा लक्ष्यहरू प्रत्यक्ष रूपमा बालबालिका र महिलासँग सम्बन्धित रहेका छन्, जसले बालबालिका तथा महिलाको अधिकार, सुरक्षा, शिक्षा, स्वास्थ्य र सशक्तिकरणसँग सम्बन्धित क्षेत्रगत नीतिहरूबीचको अन्तरसम्बन्धलाई स्पष्ट देखाउँछ । लक्ष्य १ ले सबै प्रकारका गरिबीको अन्त्य गर्ने कुरा उठाउँछ, जुन बालबालिकाको समग्र विकासको लागि आधारभूत आवश्यकतासँग जोडिएको छ । लक्ष्य २ ले भोकमरी अन्त्य गर्ने कुरा गरी बालबालिकाको पोषण अधिकार सुनिश्चित गर्न मद्दत गर्दछ भने लक्ष्य ३ ले स्वास्थ्य जीवन र कल्याण प्रवर्द्धन गर्ने उद्देश्यले बालमैत्री स्वास्थ्य नीतिहरू सुदृढ पार्न सहयोग पु¥याउँछ । लक्ष्य ४ ले सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न जोड दिँदै बालबालिकाको शिक्षा अधिकारको कार्यान्वयनमा मार्गदर्शन गर्दछ । यस्तै, लक्ष्य ५ ले लैङ्गिक समानता हासिल गर्ने र विशेषगरी किशोरीहरूको सशक्तिकरणमा केन्द्रित रहँदै बालबालिका र महिलाबीचको लैङ्गिक भेदभावको अन्त्यमा जोड दिन्छ । लक्ष्य ६ ले सुरक्षित खानेपानी र सरसफाइ सेवा सुनिश्चित गर्दै बालबालिकाको स्वास्थ्य र मर्यादित जीवनमा टेवा पु¥याउँछ । लक्ष्य ९ ले बलियो पूर्वाधार र दिगो औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने सन्दर्भमा बालबालिकाको सुरक्षित वातावरणमा बाँच्ने अधिकारको प्रत्याभूति गर्दछ भने लक्ष्य ११ ले नगर तथा मानव बस्तीहरूलाई समावेशी, सुरक्षित र दिगो बनाउने लक्ष्यसाथ बालमैत्री पूर्वाधार र सामाजिक वातावरण निर्माणमा जोड दिन्छ । लक्ष्य १६ ले समावेशी समाजको प्रवर्द्धन र सबैलाई न्यायमा पहुँच दिने सन्दर्भमा बालबालिकाको न्यायमा पहुँच र सुरक्षाको प्रत्याभूति गर्दछ । अन्ततः, लक्ष्य १७ ले नीति कार्यान्वयन प्रक्रियालाई सुदृढ बनाउँदै सरकारी र गैरसरकारी साझेदारीहरूद्वारा बालबालिकासम्बन्धी योजनाहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिन्छ । यी लक्ष्यहरू एक आपसमा अन्तरसम्बन्धित रही बालबालिकासम्बन्धी अधिकार, नीति, कार्यक्रम तथा सेवाहरूसँग गहिरो रूपले जोडिएका छन् ।

## दीर्घकालीन सोच (२०७६-२१००)

नेपाल सरकारले दीर्घकालीन विकासको स्पष्ट दृष्टिकोणसहित सन् २१०० सम्मको लक्ष्य निर्धारण गर्दै २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अगाडि सारेको छ । दीर्घकालीन सोचले "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने मुल नारालाई आत्मसात् गर्दै समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रमार्फत समान अवसर प्राप्त गर्ने, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएको नागरिक बसोबास गर्ने मुलुक निर्माण गर्ने परिकल्पना गरेको छ । दीर्घकालिन सोचको आधारमा तयार पारिएको सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" भन्ने मूल सोच अघि सारेको छ । यस सोचमार्फत समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्ने लक्ष्य राखिएको छ, जसमा सबै प्रकारका विभेद, बहिष्करण र वञ्चितिकरणको अन्त्य गर्दै समावेशी र समन्यायिकयुक्त विकास सुनिश्चित गर्ने अभिप्राय रहेको छ ।

## बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२:

बालविवाहमुक्त स्थानीय तह सन् २०३० सम्म बालविवाह अन्त्य घोषणा गर्ने दिशातर्फ नेपाल क्रियाशील रहेको सन्दर्भमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, तथा कार्यान्वयन कार्ययोजना २०८२ नेपाल सरकार मन्त्री परिषद् २०८२ साउन १८ गते पास भई हाल कार्यान्वयनमा आएको छ । यस रणनीतिमा राष्ट्रियदेखि स्थानीय स्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालय बाहिर रहेका बालबालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ । बागमती प्रदेश, लुम्बिनी प्रदेश, मधेश प्रदेशले बालविवाह अन्त्य सम्बन्धी रणनीति तयार गरी कार्यान्वयन पनि गरिरहेको छ ।

## सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६)

सोह्रौं योजनाले दीर्घकालीन सोचमा उल्लिेखित मूल तत्वहरूलाई आत्मसात् गर्दै प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक योजना अघि सारेको छ । यस योजनाले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा, व्यावसायिक सीप, उद्यमशीलता र जीवनोपयोगी ज्ञान-सीप प्रदान गर्ने शिक्षा प्रणालीलाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय बनाउने लक्ष्य राखेको छ । विशेष गरी जोखिममा परेका, अपाङ्गता भएका, दुर्गम तथा सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गर्दै उनीहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने र उद्यमशीलता विकास गर्ने उद्देश्य लिइएको छ । माध्यमिक तहसम्मको शिक्षा पश्चात् दुई महिनाको अनिवार्य

जीवनोपयोगी शिक्षालाई विद्यालय शिक्षासँग जोड्ने र त्यसमा स्वास्थ, पोषण, पाककला, प्राथमिक उपचार, यातायात नियम, आत्म-सुरक्षा, अनुशासन, लैङ्गिक हिंसा विरुद्धको चेतना, योग र ध्यानलगायत व्यवहारिक सीप समावेश गरिने छ । प्रारम्भिक बालविकासको चरणदेखि नै खेलकुदलाई शिक्षा प्रणालीमा एकीकृत गर्ने र हरेक विद्यालयमा अनिवार्यरूपमा खेलकुद कार्यक्रम समावेश गर्दै विद्यार्थीलाई प्रतिस्पर्धात्मक सहभागिता गराउने व्यवस्था गरिनेछ । साथै, जिल्लादेखि प्रदेश तहसम्म खेलकुद शिक्षकको दरबन्दी सुनिश्चित गरिनेछ। यी सबै कार्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास, सामाजिक न्याय र दीगो समृद्धिका आधार तयार पार्ने उद्देश्य राख्दछ ।

### बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावली, २०७८

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदर तथा वृद्धि र विकासमा आधारित भई बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू (ऐनको दफा ३ देखि १५ सम्म) व्यवस्था गरेको छ । ऐनले बालबालिकाको बाँच्न पाउने, पहिचानको, भेदभाव विरुद्धको, बाबुआमासँग बस्ने, संरक्षण, सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्ने, गोपनीयता, अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण, पोषण तथा स्वास्थ्य, खेलकुद तथा सांस्कृतिक जीवन र निःशुल्क तथा बालमैत्री शिक्षामा पहुँच पाउने अधिकारहरू सुनिश्चित गरेको छ। बालबालिका सम्बन्धी ऐनमा भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि तर्जुमा गरिएको बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ३ मा बालमैत्री व्यवहार र उच्चतम हितको विषय समावेश गरिएको छ। नियमावलीको नियम १२ मा बालबालिकाले बुझ्नेगरी सूचना दिनुपर्ने, नियम १३ मा धारणा व्यक्त गर्ने अवसर दिनुपर्ने, नियम १४ मा बालमैत्री व्यवहार गर्नुपर्ने तथा नियम १५ मा उच्चतम हित निर्धारण गर्नुपर्ने लगायतका व्यवस्था गरेको छ। बालमैत्री शासन निर्माण गर्न नियमावलीका अन्य परिच्छेद र त्यसमा भएका व्यवस्थाहरूले बालमैत्री शासन प्रवर्द्धनमा योगदान पुर्याउने देखिन्छ।

### मुलुकी देवानी संहिता ऐन, २०७४

प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने, कानूनको दृष्टिमा सबै नागरिक समान हुने, समान कानूनको प्रयोगमा भेदभाव गर्न नपाइने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नपाइने, प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने, प्रत्येक व्यक्तिको जन्मनासाथ नाम र थरको अधिकार हुने, आमा बाबुबाट मातृत्व र पितृत्वको निर्धारण हुने, कृतिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, दम्पतिले छोराछोरीको जन्मदर्ता गर्नुपर्ने, प्रत्येक नाबालकको आमाबाबुले हेरचाह र स्याहार संभार गर्नुपर्ने, सम्बन्ध विच्छेद भएका दम्पतिको छोराछोरीको अधिकार कायमै रहने, नाबालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने, अशक्त छोराछोरीलाई विशेष हेरचाह गर्नुपर्ने, नाबालकको संरक्षक नभए माथवर हुने, बालबालिकाको सर्वोत्तम हित हुनेगरी धर्मपुत्र वा धर्मपुत्री राख्नुपर्ने व्यवस्था ऐनमा रहेको छ ।

### बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउन हुँदैन भन्ने प्रावधान यस ऐनमा रहेको छ। यसैगरी यस ऐनमा बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन नहुने, प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने र व्यवस्थापकले काम गर्ने बालकको स्वास्थ्य र सुविधा सम्बन्धी विशेष व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालमैत्री शासनसँग प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सम्बन्धित व्यवस्थाहरू निम्नलिखित रहेका छन्:-

दफा ८ को उपदफा (१) (ख) (१२) सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य भएको, (ग) (४) शहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको, (ट) (३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन। (ग) (२९) वडालाई बालमैत्री बनाउने, (४०) प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाइ, वातावरणमैत्री तथा

बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने, दफा ११ (च) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन (२) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । दफा १२ उपदफा (२) (ग) (१) बाल उद्यानको व्यवस्था गर्ने, (२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, (३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थाप गर्ने, (४) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने, (६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने, (२९) वडालाई बालमैत्री बनाउने, (३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमापछि परेका बालबालिकाको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, (३२) बालविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, (३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, (४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, (ङ) (२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने (७) जन्म मिति प्रमाणित गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ । दफा २४ (२) उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ । यी व्यवस्थाहरूले बालमैत्री शासन प्रवर्द्धन गर्नका निम्ति मार्ग प्रसस्त गर्नुका साथै बालबालिकाका लागि लगानी बढाउन र क्रमिक रूपमास्थानीय तहदेखि नै बालमैत्री शासनलाई स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चितता सम्बन्धी प्रावधानहरू उल्लेख भएका छन् । यस ऐनमा जन्मदर्ता प्राप्तिका लागि आवश्यक दस्तावेज तथा प्रक्रिया र सरोकारवालाको भूमिकाको बारेमा स्पष्ट व्यवस्था गरिएको छ । यस ऐनको प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ ।

### स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२

बालमैत्री स्थानीय शासनको संरक्षण, प्रवर्धन र कार्यान्वयन गर्ने पहिलो निकाय भनेको स्थानीय सरकार नै हो । बालमैत्रीको दिगोपनाका निम्ति सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा नै समावेश गरेर ल्याएको छ । जसले गर्दा बालमैत्रीलाई निरन्तर रूपमा कार्यसम्पादन गर्नका लागि निम्न अनुसारको विषयक्षेत्र, उपक्षेत्र, सूचक र उपसूचक लगायतका विषयहरू उल्लेख गरिएको छ ।

## स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली र बालमैत्री स्थानीय शासन

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक |
|---|---|---|---|
| १. सुशासन तथा संस्थागत विकास | १.३ शासकीय प्रबन्ध | १.३.९ अनुगमन तथा मूल्याङ्कन | क. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानुन स्वीकृत गरी आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको (अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० दफा १५ (२ र ६)) |
| | १.४ सार्वजनिक सेवा प्रवाह | १.४.१ व्यक्तिगत घटना दर्ता | मूल्याङ्कन वर्षका कुल व्यक्तिगत घटना दर्ताको तुलनामा घटना घटेको ३५ दिन भित्र अनलाइन प्रणालीमार्फत भएका व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ) दर्ताको प्रतिशत (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८) |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक |
|---|---|---|---|
| २. सामाजिक विकास | २.१ खानेपानी तथा सरसफाइ | २.१.१ खानेपानी सेवामा पहुँच | क. एक घर एक धारा सहित आधारभूत खानेपानी सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८)<br>ख. स्वास्थ्य संस्था, विद्यालय लगायत सबै सार्वजनिक निकायमा आधारभूत तहको खानेपानी सेवा उपलब्ध भएको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) |
| | | २.१.२ सरसफाइ सेवामा पहुँच | क. खानेपानी तथा सरसफाइ सम्बन्धी सङ्घीय तथा प्रादेशिक मापदण्डका आधारमा स्थानीय मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरेको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को परिच्छेद ७)<br>ख. आधारभूत सरसफाइ सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) |
| | २.२ शिक्षा | २.२.१ जीवनोपयोगी व्यवहारिक शिक्षा | क. प्राविधिक शिक्षालय सञ्चालनमा रहेको वा कम्तिमा एक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक विषयको प्रयोगात्मक शिक्षणको व्यवस्था भएको<br>ख. स्थानीय पाठ्यक्रम निर्माण गरी लागू भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज.) |
| | | २.२.२ विद्यालय भर्ना तथा टिकाउदर | क. ५ वर्ष पुगेका बालबालिकाको विद्यालय भर्ना दर<br>ख. विद्यालयमा भर्ना भएकामध्ये आधारभूत तहको अध्ययन पूरा गर्ने बालबालिकाको प्रतिशत |
| | | २.२.३ शिक्षाको गुणस्तर र उपलब्धि | क. स्वीकृत मापदण्ड बमोजिमको गुणस्तरका आधारमा गाउँ/नगरपालिकाभित्रका विद्यालयको स्तरीयकरण गरी सार्वजनिक गरिएको<br>ख. गाउँ/नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तहको परीक्षामा सामेल भएका विद्यार्थीको उत्तीर्ण प्रतिशत |
| | २.३ आधारभूत स्वास्थ्य | २.३.१ स्वास्थ्य सेवामा पहुँच | क. आधा घण्टाको पैदल दुरीभित्र स्वास्थ्य सेवाको पहुँच भएका घरपरिवारको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) र दीगो विकास लक्ष्य । |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक |
| --- | --- | --- | --- |
| | | २.३.२ सुरक्षित मातृत्व | क.स्वास्थ्य प्रोटोकल अनुसार पूर्व प्रसूति जाँच गरेको गर्भवती महिलाको प्रतिशत<br>ख. सुत्केरी महिलाले स्वास्थ्य प्रोटोकल अनुसार उत्तर प्रसूति जाँच गरेको प्रतिशत |
| | | २.३.३ मातृ तथा किशोरी स्वास्थ्य | क. स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत<br>ख. तोकिए बमोजिम (२६ हप्तासम्म) आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत |
| | | २.३.४ बाल स्वास्थ्य | क. पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत<br>ख. पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) |
| | | २.३.५ पोषण सेवा | क. गाउँ/नगरपालिका भित्र अति शिघ्र कुपोषण र मध्यम शीघ्र कुपोषण भई OTC/ITC/NRC मा भर्ना भएकामध्ये निको हुने बालबालिकाको प्रतिशत<br>ख. वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत |
| | | २.५.२ बाल संरक्षण | क. स्थानीय बाल अधिकार समिति गठन तथा बालकल्याण अधिकारीको व्यवस्था भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० र ६१)<br>ख. स्वीकृत बालसंरक्षण मापदण्ड विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थामा लागू भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ र ५७) |
| | | २.५.३ बाल सहभागिता | क. स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा स्थानीय बाल क्लब सञ्जालको सहभागिता भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५)<br>ख. बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेको (सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९) |
| | | २.५.५ ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण | ख. अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहजीकरणको लागि कार्यक्रम सञ्चालन गरेको (अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २९) |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक |
|---|---|---|---|
| ३. आर्थिक विकास | | ३.१.५ रैथाने प्रजाति प्रवर्द्धन | ख. विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपन्छीजन्य खाद्यवस्तु प्रयोग गरेका विद्यालयको प्रतिशत |
| ४. पूर्वाधार | ४.२ भवन तथा अन्य सामाजिक पूर्वाधार | ४.२.३ शैक्षिक पूर्वाधार | क. स्वीकृत मापदण्ड बमोजिम सुरक्षित र बालमैत्री भवन तथा कक्षा कोठाको व्यवस्था भएका विद्यालयको प्रतिशत |
| | | ४.२.५ खानेपानी पूर्वाधार | ख. खानेपानीको उपयोग भएका मध्ये वार्षिक रूपमा गुणस्तर परीक्षण गरिएका स्रोत/मुहानको प्रतिशत |
| | ४.३ पर्वाधारको उपयोगिता र दिगोपन | ४.३.१ पूर्वाधारको उपयोगिता | ख. मूल्याङ्कन वर्षमा स्थानीय तहमा निर्माण सम्पन्न भएका पूर्वाधारहरू मध्ये बालमैत्री तथा अपाङ्गतामैत्री मापदण्ड पालना भएका पूर्वाधारको प्रतिशत |
| ५. वन तथा वातावरण | ५.१ वातावरण | ५.१.४ जलवायु अनुकूलन | ख. जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रवीच समन्वय र सहकार्य भएको (वातावरण संरक्षण ऐन, २०७६ को दफा २४) |
| | | ५.२.१ विपद् व्यवस्थापन संयन्त्र | क. स्थानीय विपद् व्यवस्थापन समिति (वडा स्तरीय समिति समेत) गठन भई क्रियाशील रहेको (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७) |

## बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिको अवलम्बनलाई सम्झनुपर्दछ । बालमैत्री स्थानीय शासनको सुनिश्चितताबाट बाल अधिकार प्राप्त भै बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी सेवाको सुनिश्चतता प्रदान गर्नु नै बालमैत्री स्थानीय शासनको लक्ष्य हो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले नेपाललाई वि.सं. २०८७ सम्म बालमैत्री बनाउने लक्ष्य लिएको छ भने बालबालिका सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने, (२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन गर्ने, (३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्द्धन गर्ने, (४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह, (५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने र (६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउने उद्देश्य रहेको छ । स्थानीय तहमा बालमैत्री शासन प्रवर्धनका लागि यो महत्त्वपूर्ण दस्तावेजको रूपमा कार्यान्वयनमा रहेको छ ।

## गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७)

बालमैत्री विद्यालय प्रारुप बालबालिकाको रुचि र क्षमता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन विद्यालयहरूलाई पथप्रदर्शन गर्न तयार गरिएको प्रमुख दस्तावेज हो । यसले शिक्षाका साबै सरोकारवालाहरूलाई बालबालिकाको भविष्य बनाउन बालबालिकालाई नै केन्द्रबिन्दु मानेर कार्य गर्नुपर्दछ भन्ने कुरामा संवेदनशील, सतर्क र तत्पर बनाउँदछ । बालमैत्री विद्यालयले व्यवस्थापकीय र पठनपाठनका दृष्टिले नेपालमा अधिकांश विद्यालयहरू अझै पनि परम्परागत ढाँचामा नै सञ्चालित छन् । विद्यालयमा बालमैत्री वातावरण भएमा बालबालिकाले चाँडो सिक्छन्, लेख्दापढ्दा मानसिक तनाव कम हुने जस्ता राम्रा पक्षहरू भएको हुँदा विद्यालयलाई बालमैत्री बनाउनु पर्दछ भन्ने धारणाका साथ यस राष्ट्रिय प्रारुपको अवधारणा विकास भएको हो ।

गुणस्तरी शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) को प्रमुख उद्देश्य भनेको बालमैत्री शिक्षण सिकाइको वातावरण तयार गर्नु हो । यसका अलावा बालबालिकाको सर्वाङ्गिण प्रतिभा उजागर गर्दै शैक्षिक पहुँच र गुणस्तरमा बढोत्तरी ल्याउनु हो । बाल अधिकार, सबैको लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यजस्ता नेपालको तर्फबाट भएका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्ने, बालमैत्री विद्यालयको आवश्यकता र महत्त्वका बारेमा सरोकारवालालाई अवगत गराउने, बालमैत्री विद्यालयका लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरू निर्धारण गर्ने उद्देश्यका साथ यस प्रारुप निर्माण गरिएको हो ।

## दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)

दिगो विकास लक्ष्यले सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने, भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने, सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने, लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने, सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने, उद्देश्य राखेको छ । दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् । कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू रहेका छन् । यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखन पीडित र जन्मदर्ताजस्ता विषयहरू छन् । जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।

## बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

बालमैत्री स्थानीय शासनको सुनिश्चितताबाट बाल अधिकार प्राप्त भै बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी सेवाको सुनिश्चतता प्रदान गर्नु नै बालमैत्री स्थानीय शासनको लक्ष्य हो । बालमैत्री स्थानीय

शासन कार्यान्वयन निर्देशिका, २०७८ ले नेपाललाई वि.सं. २०८७ सम्म बालमैत्री बनाउने लक्ष्य लिएको छ भने बालबालिका सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने, (२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन गर्ने, (३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्द्धन गर्ने, (४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह, (५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने र (६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउने उद्देश्य रहेको छ। स्थानीय तहमा बालमैत्री शासन प्रवर्धनका लागि यो महत्त्वपूर्ण दस्तावेजको रूपमा कार्यान्वयनमा रहेको छ।

### पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका (२०७८)

नेपालको संविधानले प्रद्धत गरेका बालबालिका सम्बन्धी हक र अधिकारको सुनिश्चितता गर्न, पोषणका सन्दर्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार यस्ता विषयको सम्बोधन गर्न यस निर्देशिका ल्याइएको हो। यस निर्देशिकाले महिला, बालबालिका र किशोरीहरूको पोषण अवस्थामा सुधार गर्नु, बहुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु, स्थानीय तहको नीति, योजना, कार्यक्रम र सेवा प्रवाहमा सुधार गरी पोषणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन गर्नु जस्तो उद्देश्य राखेको छ। बालमैत्री शासन प्रवर्द्धन गर्नका लागि बालबालिकामा हुने कुपोषणसँग सम्बन्धित सूचकहरू पनि राखिनुपर्दछ र कुपोषण अन्त्य गर्नका लागि बालमैत्री शासन तीनै तहको सरकारमा हुनु जरुरी देखिन्छ।

### बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताको कार्यान्वयन तथा संविधानका व्यवस्था अनुरुप नेपाल सरकारले २०७७ सालमा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, जारी गरी हाल लागू गरिराखेको छ। सबै स्थानीय तहबाट बालश्रमको अन्त्य गरी बालश्रममुक्त देश निर्माण गर्ने अभियानको रूपमा यस कार्यविधिले काम गरिराखेको छ। यस कार्यविधि निर्माण भई कार्यान्वयनका लागि स्थानीय तहमा पठाईएको अवस्था र नेपाल सरकारले यस आर्थिक वर्षमा २५ वटा स्थानीय तहलाई प्राथमिकतामा राखी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कामको सुरुवात गरेको छ। बालमैत्री शासन प्रवर्धनको एउटा महत्त्वपूर्ण चुनौति बालश्रम भएको हुँदा बालश्रम निवारणको दिशातर्फ तीनै तहको ध्यान जान जरुरी देखिएको छ।

### प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८)

नेपालको संविधानको ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। वि.सं. २०८८ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिने लक्ष्यसहितको प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) मा ५ वटा उद्देश्य प्राप्तिका लागि १८ वटा रणनीति र ८१ वटा कार्यनीतिहरू तय गरिएका छन्। रणनीतिले सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेर अनुसार लक्षित एवम् गुणस्तरीय सेवा एकीकृत रूपमा प्रदान गर्ने, कानूनी, संस्थागत तथा संरचानगत संयन्त्र निर्माण गर्ने, दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्ने, बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबाबु, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने र गुणस्तरीय सेवाको पहुँच विस्तार गर्ने उद्देश्य लिएको छ। बालमैत्री शासन प्रवर्धनको एउटा अभिन्न पाटो भनेको प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालय शासन पनि भएको हुँदा यो दस्तावेज तीनै तहमा बालमैत्री शासन प्रवर्धनमा महत्त्वपूर्ण हुने देखिन्छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६** ले बालमैत्री प्रारम्भिक बाल विकास, बालमैत्री विद्यालय, बालमैत्री शिक्षण सिकाइ, बालमैत्री संरचनाका विषयमा स्पष्ट व्यवस्थाहरू गरेको छ।

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

अपाङ्गता भएका बालबालिकाको अधिकार अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने, अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने, अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरूका धारणालाई उमेर र परिपक्वताको आधारमा उचित सम्मान गरिने, अपाङ्गता भएका बालबालिकालाई निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घर परिवारबाट अलग गर्न नमिल्ने तथा नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नुपर्ने विषयको व्यवस्था गरेको छ ।

## स्वास्थ्य बिमा ऐन, २०७४

नवजात शिशु, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अशक्त व्यक्तिहरूको लागि स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्नु पर्दछ । बाल सुधार गृह, अनाथालयमा रहेका सबै बालबालिकाको स्वास्थ्य बिमा गरिदिनु संस्थाको व्यवस्थापकको जिमेवारी रहेको उल्लेख छ ।

## सामाजिक सुरक्षा ऐन, २०७५

अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउने व्यवस्था गरिएको छ (सूचक १०सँग सम्बन्धित),

## सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५

यस ऐनको नवजात शिशुको अत्यावश्यक सेवा भन्नाले नवजात शिशुलाई न्यानो गरी सफा राख्ने, नाभी र आँखाको स्याहार, आमाको दुध खुवाउने, आवश्यक खोप दिने समेतका सेवा सम्फनु पर्दछ भनी परिभाषा खण्डमा नै उल्लेख गरिएको छ । दफा ९मा प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख राख्नुपर्ने, शिशुको बुवा आमाको नाम राखी बुवाआमालाई शिशु जन्मेको प्रमाणपत्र प्रदान गर्नुपर्ने छ (सूचक नं. १५सँग सम्बन्धित) । सामान्य गर्भावस्थामा कम्तीमा आठ पटक स्वास्थ्य जाँच गर्नु पर्ने व्यवस्था गरिएको छ (सूचक नं. १सँग सम्बन्धित) ।

## खोप ऐन, २०७२

यस ऐन अनुसार संरक्षक वा अभिभावकको दायित्व अन्तर्गत आफ्नो संरक्षकत्व, अभिभावकत्व वा अधीनमा रहेको शिशु, बालबालिका वा कुनै व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएको खोप लगाउने व्यवस्था गर्नु रहेको छ (सूचक नं ५, ६, ७ सँग सम्बन्धित) ।

## श्रम ऐन, २०७४

बालबालिकालाई श्रममा लगाए नलगाएको सम्बन्धमा निरीक्षण गरी काममा लगाएको देखिएमा तत्काल उद्धार गर्ने र त्यसको रोजगारदातालाई कारबाही गर्ने, जो कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनैपनि काममा लगाउन नपाइने विषयको व्यवस्था गरेको छ (सूचक १६सँग सम्बन्धित) ।

## शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७७

अनिवार्य शिक्षा र निःशुल्क शिक्षाको प्रावधान अनुसार आधारभूत तहसम्मको शिक्षा सबैले निःशुल्क र अनिवार्य पाउनु पर्ने व्यवस्था रहेको छ जुन सूचक नं. २५ र २६ सँग सम्बन्धित रहेको छ ।

### आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५

प्रस्तावनामा नै आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भीर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्री वितरण तथा नूनमा आयोडिन मिश्रण गर्ने व्यवस्था उल्लेख गरिएको छ (सूचक नं. ९सँग सम्बन्धित रहेको छ) ।

### राष्ट्रिय स्वास्थ्य नीति, २०७६

जीवनपथको अवधारणाअनुरूप सुरक्षित मातृत्व, बालस्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य सेवाको विकास गर्दै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाइने नीति नेपाल सरकारको रहेको छ । यसका साथै ६.२०.२. मातृशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोर-किशोरी स्वास्थ्य, प्रौढ तथा ज्येष्ठ नागरिकलगायत विभिन्न उमेर तथा जोखिम समूह लक्षित सेवाहरूको सुदृढीकरण गर्दै प्रोफेसनल मिडवाईफ्री तथा नर्सिङ सेवा विस्तार गरिने, ६.२०.३. महिला स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक निर्धारकहरूलाई मध्यनजर गर्दै सरोकारवालासँगको समन्वयमा विशेष कार्यक्रमको व्यवस्था गरिने, ६.२०.४. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई सुदृढ गर्न प्रत्येक वडामा दक्ष प्रसूतिकर्मीको व्यवस्था गरिने नीति राज्यको रहेको छ (सूचक १, २, ३, ४ सँग सम्बन्धित रहेको छ) ।

### समाजकल्याण ऐन, २०४९

बालक, वृद्ध, असहाय वा अपाङ्गहरूको हित र कल्याण गर्ने, विकासका लागि सहभागितावृद्धि गर्ने, बाल अपराध, लागुपदार्थ दुर्व्यसन वा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिहरूलाई मर्यादित र सम्मानित जीवन यापन गराउने सम्बन्धमा यस ऐन अनुसार समाजकल्याणका कार्य गर्न सकिन्छ ।

### मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

बालबालिकालाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेमा पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था रहेको छ ।

| क्र.सं. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| | **बाल बचाउ** | |
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व आठ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक (३ दिन, १ हप्तामा, ६ हप्तामा) स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ |
| २. | गर्भवती महिलाले टिडी (टिटानस र डिप्थेरीया) विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | ९५ |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० |
| ६. | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनेछन् । | १०० |
| ७. | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण  खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |

| क्र.सं. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| ८. | एचआईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV/Prophylaxis पाएको हुनेछन् । | १०० |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १०. | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १०० |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अगाडि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० |
| | **बाल संरक्षण** | |
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । | १०० |
| १६. | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुन:स्थापना भएको हुनेछ । | १०० |
| १७. | स्थानीय तह बालविवाह मुक्त घोषणा भएको हुनेछ । | १०० |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चार्डपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्था र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | १०० |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५ |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन् । | १०० |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ । सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने | १०० |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० |
| २४. | कुलतमा लागेका बालबालिकालाई सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० |
| | **बाल विकास** | |
| २५. | ४ देखि ५ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) | १०० |

| क्र.सं. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन् । | १०० |
| २७. | प्रत्येक विद्यालयमा पानीको प्रयोग सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | १०० |
| २८. | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलग-अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० |
| | **बाल सहभागिता** | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३२. | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० |
| | **संस्थागत विकास** | |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् । | १०० |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | १०० |
| ३९. | गाउँ/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४०. | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । | १०० |

| क.सं. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | १०० |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पूरा गरेका हुनेछन् । | १०० |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमै त्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५. | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० |

साथै सूचकमा भएको सडक बालबालिका भए बालगृहमा राखेर व्यवस्थापन गर्नुपर्ने भनिएतापनि बालबालिकालाई आफ्नै परिवारमा पुनःस्थापित गरी परिवारको आर्थिक सामाजिक क्षमता विकास गरिनुपर्छ। निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्नुपर्ने कुरा उल्लेख भएपनि सबै प्रकारका बालश्रमलाई अन्त्य गर्ने खालका कार्यक्रमहरू गर्नुपर्ने हुन्छ । त्यस्तै विद्यालयमा कुहिने/नकुहिने फोहोरमैला विसर्जन भनिएतापनि त्यस्ता फोहोरमैलाको दिगो व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तनको असरबाट जोगाउने, यौनिक तथा लैङ्गिक अल्पसंख्या र विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकालाई पनि थप ध्यान दिनुपर्दछ ।

## २.३ स्थानीय तहको वर्गीकरण

| स्थानीय तह | आधारभूत सूचक | घोषणाका लागि स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | न्यूनतम<br>८०% वा सोभन्दा बढी<br>तोकिए अनुसार | वडाको हकमा जिल्ला समन्वय समिति गाउँ/नगरपालिकाको निम्ति प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री उन्मुख वडा | ७०%-७९% सम्म | वडाको प्रतिवेदनका आधारमा कार्यपालिका वैठक | |
| बालमैत्री स्थानीय तह | न्यूनतम ८०% वा सोभन्दा बढी तोकिए अनुसार | प्रदेश सरकार | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्र उन्मुख स्थानीय तह | ७०%-७९% सम्म | कार्यपालिका बैठक | |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | |

### २.४ बालमैत्री स्थानीय तहका ५१ वटा सूचकहरूलाई स्थानीयकरण

बालमैत्री स्थानीय शासनसँग सम्बन्धित ५१ वटा सूचकहरु रहेका छन् । उक्त सूचकहरुलाई स्थानीय तहको अवस्था र आवश्यकता अनुसार न्यूनतम मापदण्ड र प्रमाणिक आधार सहित स्थानीयकरण गरी कार्यान्वयनमा लानु पर्दछ। सबैसूचकहरु अनिवार्य हुन्छन् तर स्थानीय तहले आफ्नो भौगोलिक र अन्य आधारमा सरलीकरण गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ।

### २.५ बालमैत्री स्थानीय शासनको दिगोपना

सम्बन्धित स्थानीय तहले बालमैत्री स्थानीय तहको घोषणा पश्चात् दिगोपनाका लागि नियमित रूपमा आवश्यक नीतिगत व्यवस्था, वार्षिक बजेट तथा कार्यक्रमको अवस्था र बालमैत्री स्थानीय शासनका सूचकको अवस्था विश्लेषण गरी सार्वजनिक गर्नुपर्नेछ । स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणा हुँदाको समयमा प्राप्त भएको प्रतिफलमा कुनै प्रतिकूल असर नपर्ने गरी प्राप्त उपलब्धिको जगेर्ना गर्दै थप उपलब्धिका लागि क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ र स्थानीय तहले निर्देशिका बमोजिम बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि कम्तीमा पाँचवर्षको रणनीतिक योजना बनाई स्रोत साधनको सुनिश्चित सहित कार्यान्वयन गर्नुपर्दछ। साथै वार्षिक प्रतिवेदन जिल्ला र प्रदेश स्तरको अनुगमन समितिमा पेश गर्नुपर्दछ।

### निष्कर्ष

बालमैत्रीका सूचकहरूले कतिपय स्थान विशेष बालबालिकाको प्रमूख मुद्दालाई नसमेटेको पनि हुन सक्छ । त्यस्ता सूचकहरूलाई समेट्न तथा सूचकहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न सहज होस् भन्नाका लागि स्थानीयकरण गर्नु आवश्यक छ । सूचकलाई स्पष्ट र मापनयोग्य बनाउनका लागि सूचकको सरलीकरण आवश्यक छ। सूचकको सरलीकरण र स्थानीयकरण गर्दा प्राप्त हुन नसक्ने र अस्पष्ट कुराहरू राख्न हुँदैन। बालमैत्रीलाई अवलम्बनदेखि दिगोपनासम्म जानका लागि र विभिन्न नीति, योजना र कार्यक्रमको लक्ष्यसम्म पुग्नका लागि बालमैत्री स्थानीय शासनका सूचकहरूलाई स्पष्ट गरी सबै क्षेत्रका बालबालिकासँग सम्बद्ध सबैको समबुझाइ कायम गरी काम गर्नु पर्दछ। बालमैत्री स्थानीय शासन एक जनाको प्रयासमामात्र सम्भव हुने अभियान होइन यसका सन्दर्भमा हामी सबैले सबै तह र तप्काबाट सहयोग, सहकार्य, समन्वय, समझदारी र सहभागितामा काम गर्न सकेको खण्डमा मात्र यस्ता अभियानले सफलता हासिल गर्न सक्दछ।

## सन्दर्भ सामग्रीहरू


नेपालको संविधान,
बाल अधिकार महासन्धि, १९८९
बालबालिका सम्बन्धी ऐन, २०७५, नियमाली, २०७८
बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८
बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
मुलुकी देवानी संहिता ऐन, २०७४
बालश्रम (निषेध र नियमित) ऐन, २०५६
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
सोह्रौं योजना (२०८१/८२-२०८५/०८६)
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४
गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७)
दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)
राष्ट्रिय बालबालिका नीति, २०८०
पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका (२०७८)
बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७९
प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८)
राष्ट्रिय शिक्षा नीति, २०७६
स्वास्थ्य बिमा ऐन, २०७४
सामाजिक सुरक्षा ऐन, २०७५
सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५
खोप ऐन, २०७२
श्रम ऐन, २०७४
शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७७
आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
राष्ट्रिय स्वास्थ्य नीति, २०७६
समाजकल्याण ऐन, २०४१
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२



# बालमैत्री स्थानीय शासन जानकारी पुस्तिका, २०८२